
महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
सबल बैंक सफल सहकार्य

BPA 2018 | SAFA 2018 | L&D BFIN 2023



# महालक्ष्मी बुलेटिन

YEAR 5-ISSUE 21

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
सबल बैंक, सफल सहकार्य

# GET QUICK ACCESS TO OUR LOANS!

Just scan the QR code to get started.

SCAN ME



# Financial
## Highlights

### Financial Highlights as on Ashadh End 2081 as per unaudited Financial Report (Amount in NPR)

**Deposit**
Asar 2081: 56.12 ARBA
Asar 2080: 53.52 ARBA
Change: 4.87%

**Loan**
Asar 2081: 44.15 ARBA
Asar 2080: 40.69 ARBA
Change: 8.50%

**Balance Sheet Size**
Asar 2081: 129.27 ARBA
Asar 2080: 123.71 ARBA
Change: 4.49%

**No. of Deposit Account**
Asar 2081: 781,282
Asar 2080: 680,433
Change: 14.82%

**Net Profit**
Asar 2081: 47.01 CRORE
Asar 2080: 37.76 CRORE
Change: 24.52%

**Non Performing Loan**
Asar 2081: 4.16%
Asar 2080: 4.62%
Change: -0.46%

**Operating Profit**
Asar 2081: 67.75 CRORE
Asar 2080: 57.09 CRORE
Change: 18.68%

**No. of Loan Account**
Asar 2081: 22,843
Asar 2080: 20,460
Change: 11.65%

**Reserve**
Asar 2081: 2.52 ARBA
Asar 2080: 2.27 ARBA
Change: 10.87%

**Profit Before Tax**
Asar 2081: 67.16 CRORE
Asar 2080: 56.84 CRORE
Change: 18.17%

**Net Operating Income**
Asar 2081: 111.67 CRORE
Asar 2080: 166.60 CRORE
Change: 9.04%

**Net Worth Per Share**
Asar 2081: 160.44
Asar 2080: 154.51
Change: 3.84%

**Earning Per Share**
Asar 2081: 11.27
Asar 2080: 9.05
Change: 24.53%

**49**
No of ATM

**103**
No of Branches

# महालक्ष्मी विकास बैंक ३०औं वर्षमा प्रवेश




मुलुकको शहरी तथा ग्रामीण क्षेत्रका विभिन्न स्थानहरुबाट बैकिङ्ग सेवा प्रदान गर्दै आइरहेको यस महालक्ष्मी विकास बैंक मिति २०८१ जेष्ठ ७ गतेदेखि ३० औं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा बैंकले वित्तीय साक्षरता र्‍याली तथा आफ्ना ८ वटा शाखाहरुमार्फत रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । यसका साथै स्वास्थ्य तथा आँखा शिविर, महालक्ष्मी कर्पोरेट क्रिकेट लिग-२०२४, श्रृङखला ३ लगायत विभिन्न कार्यक्रमहरु गरी ३०औं वार्षिकोत्सव सम्पन्न गरेको छ । यस अवसरमा बैंकले आफ्ना आदरणीय शेयरधनी महानुभावहरु, ग्राहकवर्ग, नियामक निकाय एवम् शुभचिन्तकहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गरेको छ ।

# केक काट्ने कार्यक्रम सम्पन्न




३० औं वार्षिकोत्सवको अवसरमा बैंकको केन्द्रीय कार्यालयमा आयोजना गरिएको कार्यक्रम

महालक्ष्मी विकास बैंक ३० औं वर्ष प्रवेश गरेको शुभ अवसरमा बैंकको केन्द्रीय कार्यालय लगायत १०३ वटै शाखा कार्यालयहरुमा केक काट्ने कार्यक्रम सम्पन्न भएको छ । बैंकको सञ्चालक समितिका सदस्यहरु, उच्च व्यवस्थापन समितिका पदाधिकारीहरु, विभागीय प्रमुखहरु तथा अन्य कर्मचारीहरुको उपस्थितिमा बैंकको केन्द्रीय कार्यलयमा केक काटिएको थियो । उक्त अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत तथा सञ्चालक समितिका सदस्यहरुले मन्तब्य समेत राख्नुभएको थियो ।

# महालक्ष्मी कर्पोरेट क्रिकेट लिग २०२४–संस्करण ३ सम्पन्न







यस बैंकको ३० औं वार्षिकोत्सवको अवसरमा आयोजित महालक्ष्मी कर्पोरेट क्रिकेट लिग २०२४- संस्करण ३ का विजेताहरुलाई पुरस्कार वितरण कार्यक्रम २०८१ जेठ २५ गते शुक्रबार सम्पन्न भएको छ । २०८१ जेठ २२ गते मंगलबार देखि २४ गते बिहिबार (तिन दिन) सम्म सम्पन्न उक्त प्रतियोगिताको उपाधि प्राइम कमर्सियल बैंक लिमिटेडले जित्न सफल भएको छ भने आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडले द्वितीय स्थान हासिल गर्न सफल भएको छ । उक्त प्रतियोगितामा विभिन्न बैंक तथा वित्तीय संस्थाका १६ टिमको सहभागिता रहेको थियो ।

नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर श्री बम बहादुर मिश्रको प्रमुख आतिथ्यतामा काठमाडौंमा आयोजित कार्यक्रममा विजेता प्राइम कमर्सियल बैंक, द्वितीय स्थान हासिल गर्न सफल आइ.सि.एफ.सि. फाइनान्स, उत्कृष्ट फिल्डर प्राइम कमर्सियल बैंकका विवेक डाली, उत्कृष्ट विकेट-किपर माछापुच्छ्रे बैंकका निशेस के.सी, उत्कृष्ट बलर एभरेष्ट बैंकका रोशन महत, उत्कृष्ट ब्याट्सम्यान एनएमबी बैंकका अनिल बर्तौला, उत्कृष्ट खेलाडी आइ.सि.एफ.सि.फाइनान्सका सुरज तिमिल्सिनालाई ट्रफी प्रदान गरिएको थियो । उक्त कार्यक्रममा बोल्दै नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर श्री बम बहादुर मिश्रले यस क्रिकेट लिग लगायत अन्य सामुहिक खेलले बैंक तथा वित्तीय संस्थाहरु बिच भाइचारा, आत्मियता, सद्भाव, मित्रता बढाउन थप सहयोग पुग्नुका साथै कर्मचारीहरुलाई बैंकिङ गतिविधिमा मात्रै सिमित नराखी उनिहरुलाई मनोञ्जन प्रदान गर्न र उत्पादनशीलतामा वृद्धि गर्न मद्दत पुग्ने कुरा बताउनु भएको थियो । नेपाली क्रिकेटको विकासको लागि सम्पुर्ण संस्थाले आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउन समेत आग्रह गर्नु भएको थियो ।

कार्यक्रममा बोल्दै महालक्ष्मी विकास बैंक लिमिटेड तथा उक्त कार्यक्रमका अध्यक्ष श्री राजेश उपाध्यायले खेलमा हार र जित स्वभाविक प्रक्रिया रहेको र यस्ता खेलहरुले कर्मचारीहरुमा समुह निर्माण गर्न, समुहमा नेतृत्वदायी भुमिका निर्वाह गर्न, कार्यकुशलतामा अभिवृद्धि गर्न मद्दत पुऱ्याउने हुँदा समयसमयमा यस्ता गतिविधि सञ्चालन गर्न जरुरी रहेको कुरा बताउनु भएको थियो ।

# भौगोलिक तथा सांस्कृतिक विविधता झल्कने कार्यक्रम सम्पन्न

बैंकको ३० औं वार्षिकोत्सवको अवसरमा बैंकले देशको भौगोलिक तथा सांस्कृतिक विविधता झल्कने गरी एक कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रममा बैंकको केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालय तथा सम्पुर्ण शाखा कार्यालयमा कार्यरत कर्मचारीहरुले आफ्नो धर्म, संस्कृति, भेषभुषा तथा भौगोलिकता झल्कने पहिरन लगाई बैंकमा उपस्थित भएका थिए। साथै उक्त अवसरमा शाखा कार्यालय, विभाग, प्रादेशिक कार्यालयहरुबीच फोटो प्रतिस्पर्धा गरिएकोमा चैनपुर बभाङ्ग, ठुटिपिपल तथा हसुलिया शाखाले क्रमश प्रथम, द्धितीय तथा तृतीय स्थान हासिल गरेका थिए।



प्रथम स्थान हासिल गर्न सफल चैनपुर-बभाङ शाखा



द्धितीय स्थान हासिल गर्न सफल ठुटिपिपल शाखा



तृतीय स्थान हासिल गर्न सफल हसुलिया शाखा

# वित्तीय साक्षरता कार्यक्रम सम्पन्न



बैंकले ३० औं वर्षमा प्रवेश गरेको अवसरमा देशका विभिन्न स्थानहरुमा प्रादेशिक कार्यालयहरु तथा शाखा कार्यालयका कर्मचारीहरुको सहभागितामा जेष्ठ ५ गते, शनिबार बिहान ७:३० देखि ८:३० बजेसम्म वित्तीय साक्षरता सहितको प्रभातफेरी कार्यक्रम सम्पन्न गरेको छ।

बैंकले काठमाण्डौंमा उपत्यका भित्रका शाखाहरु तथा केन्द्रीय कार्यालयका कर्मचारीहरुको सहभागितामा बैंकको केन्द्रीय कार्यालय, दरबारमार्ग- महानगरीय प्रहरी वृत्त, दरबारमार्ग- महेन्द्र शालिक- घण्टाघर- रत्नपार्क- भद्रकाली- शहिद गेट- सुन्धारा- जमल हुँदै पुन बैंकको केन्द्रीय कार्यालय सम्मको पदमार्ग चयन गरी प्रभातफेरी कार्यक्रम गरेको थियो। उक्त प्रभातफेरी कार्यक्रममा बैंकिङ्ग सेवाहरुः जस्तै मोवाईल बैंकिङ्ग, स्मार्ट क्युआर, निक्षेप, कर्जा, विप्रेषण आदिसँग सम्बन्धित प्लेकार्डहरुको प्रयोग गरिएको थियो।

## ८ वटा शाखामा रक्तदान कार्यक्रम सम्पन्न




बैंकले वार्षिकोत्सवको अवसरमा जेष्ठ ६ गते, आइतबार आठ वटा शाखा कार्यालयहरु मार्फत रक्तदान कार्यक्रम सम्पन्न गरी कुल २९५ पिन्ट रगत संकलन गरेको छ। स्वास्थ्य क्षेत्रमा चुनौतीको रुपमा रहेको रगत व्यवस्थापनमा सहजता होस् भन्ने उद्देश्यले बैंकले ३० औं वार्षिकोत्सवको अवसर पारेर रक्तदान कार्यक्रम सञ्चालन गरिएको थियो।

# स्वास्थ्य तथा आँखा शिविर सञ्चालन

बैंकको ३० औं वार्षिकोत्सवको अवसरमा बैंकको केन्द्रीय कार्यालय तथा काठमाण्डौं उपत्यकाका शाखा कार्यालयमा कार्यरत कर्मचारीहरु तथा ग्राहकहरुलाई लक्षित गरी बैंकको केन्द्रीय कार्यालय दरबारमार्गमा मिति २०८१ साल जेष्ठ ८ गते र जेष्ठ ९ गते क्रमश स्वास्थ्य शिविर तथा आँखा शिविर सञ्चालन गरिएको थियो।




बैंकको केन्द्रीय कार्यालय, दरबारमार्गमा सञ्चालन गरिएको स्वास्थ्य तथा आँखा शिविरका केही झलकहरु

# स्वर्गीय लक्ष्मण बाबु श्रेष्ठ जेहेन्दार छात्रवृत्ति वितरण



“सबल बैंक, सफल सहकार्य” को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत ३० वर्ष देखि अनवरत रुपले सरल, सहज र गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आईरहेको महालक्ष्मी विकास बैंकले ३० औं वार्षिकोत्सवको अवसर पारेर श्री नन्दी माध्यामिक विद्यालय नक्साल, काठमाडौंमा अध्ययनरत छात्र श्री सन्तोष कुमार मण्डललाई कक्षा दश अध्ययनका लागि स्वर्गीय लक्ष्मण बाबु श्रेष्ठ जेहेन्दार छात्रवृत्ति प्रदान गरेको छ।

विभिन्न सातवटा वित्तीय संस्था मिलेर बनेको महालक्ष्मी विकास बैंकको एक महत्वपूर्ण संस्था तत्कालिन मनकामना विकास बैंकका संस्थापक अध्यक्ष स्व. श्री लक्ष्मण बाबु श्रेष्ठको स्मृतिमा स्थापित स्वर्गीय लक्ष्मण बाबु श्रेष्ठ जेहेन्दार छात्रवृत्ति स्वर्गीय लक्ष्मण बाबु श्रेष्ठका छोरा तथा मनकामना दर्शन प्रा.लि. का निर्देशक राजेश बाबु क्षेष्ठ ज्यूले विद्यालयका पदाधिकारीहरु र बैंक व्यवस्थापनको रोहबरमा छात्र श्री सन्तोष कुमार मण्डललाई हस्तान्तरण गनुभएको थियो। अध्ययनमा उत्कृष्ट तर पारिवारिक आर्थिक स्थिति कमजोर भएकोले विद्यार्थीको अध्ययनमा सहयोग पुऱ्याउने उद्देश्यले बैंकले रु.पचास हजार बराबरको छात्रवृत्ति उपलब्ध गराएको थियो।

उक्त कार्यक्रममा बोल्दै श्री राजेश बाबु श्रेष्ठले नेपालमै अवसरहरु रहेको र देशमा उत्पादित जनशक्तिले आफ्नै देशमा रहेर देशको लागि योगदान पुऱ्याउनुपर्ने विचार व्यक्त गर्नु भएको थियो। साथै बैंकका प्रमुख कार्यकारी अधिकृतले बैंकले आगामी दिनहरुमा छात्रवृत्तिका कार्यक्रमहरुलाई परिमार्जित गर्दै शिक्षा क्षेत्रमा थप टेवा पुऱ्याउने कुरा बताउनु भएको थियो।

## Training Details of 4th Quarter, Fiscal Year 2080/81

| SN | Training / Seminar/ Conference | No of Participants |
|---|---|---|
| 1 | Delivering Delightful Customer Service Experience | 28 |
| 2 | First Aid & Safety | 19 |
| 3 | Understanding & Demystifying AML Concepts & Practices | 2 |
| 5 | Strategic Alliance Related Preparatory Training | 30 |
| 6 | AML/CFT & Compliance | 57 |
| 7 | Comprehensive Course on Operation Management | 22 |
| 8 | Relationship Between Bank & Napi for Quality Collateral Assurance | 11 |
| 9 | 16th National Lawyer's Conference | 2 |
| 10 | Financial Statement Analysis of Borrowers | 31 |
| 12 | CEO Conference Nepal- 2024 | 3 |
| 13 | Total Performance Management | 1 |
| 14 | Expert Panel Discussion on Impact of Finance Bill, 2081 on Various Sectors | 1 |
| 15 | Signature Verification & Counterfeit Curreincies | 37 |
| 16 | Effectively Handling the Issues of Malpot | 23 |
| 17 | AML/CFT & Compliance | 56 |
| 18 | AML/CFT & Compliance | 29 |
| 19 | Comprehensive Course on Operation Management | 19 |
| 20 | Comprehensive Course on Operation Management | 16 |
| 21 | AML/CFT & Compliance | 30 |
| 22 | AML/CFT & Compliance | 31 |
| 23 | Workplace Communication & Office Etiquettes | 14 |
| 24 | Workplace Communication & Office Etiquettes | 20 |
| 25 | Workplace Communication & Office Etiquettes | 16 |
| 26 | Excellence in Sales & Marketing | 30 |
| 27 | Uspcaling Mindfulness for Professional Growth | 6 |
| 28 | Elevate Leadership Excellence: Mastering Communication for Impact | 4 |
| 29 | HR Workshop- 2024 | 7 |
| 30 | Delivering an Extraordinary Customer Experience | 4 |
| 31 | Python Programming | 4 |
| 32 | Python Training | 5 |
| 33 | Induction/ Orientation Session to newly appointed Junior Assistant | 25 |
| | **Total** | **583** |

## Monthly Saving Account Opening Target Achievers FY 2080/81

| Baisakh |
|---|
| Tikapur |
| Lamki |
| Mangalsen |
| Pipalla |
| Masuriya |
| Pakadi |
| Rajapur |
| Kalaiya |
| Bhairawa |
| Chandrauta |
| Surya Pura |
| Bethari |
| Mahilbar(LBN) |
| Rukum |
| Gokuleswor-Darchulla |
| Rupani |
| Lahan |
| Nayabazar |
| Dhakdhai |
| Thutipipal |

| Jestha |
|---|
| Dhangadhi |
| Lamki |
| Bauniya |
| Mangalsen |
| Sanfebagar |
| Pipalla |
| Lamahi |
| Tulsipur |
| Masuriya |
| Pakadi |
| Satungal |
| Chandrauta |
| Surya Pura |
| Bethari |
| Khadichour |
| Mahilwar (LBN) |
| Rukum |
| Dhalkebar |
| Palung |
| Gokuleswor-Darchulla |
| Ghorahi-Dang |
| Biratnagar |
| Dhakdhai |

| Ashadh |
|---|
| Dhangadhi |
| Tikapur |
| Belauri |
| Lamki |
| Sanfebagar |
| Pipalla |
| Tulsipur |
| Masuriya |
| Pakadi |
| Rajapur |
| Birgunj |
| Kamane (HTD) |
| Simra |
| Lalbandi |
| Satungal |
| Surya Pura |
| Tandi |
| Bichbazar (DHD) |
| Rukum |
| Hetauda |

| |
|---|
| Manahari |
| Palung |
| Ghorahi-Dang |
| Biratnagar |
| Rupani |
| Hasuliya |
| Surkhet |
| Kawasoti |
| Dharan |

# महालक्ष्मी घरदैलो कार्यक्रम सम्पन्न

प्रत्येक शाखा कार्यालयले हरेक महिना कम्तीमा पनि एक पटक घरदैलो अभियान गर्ने अभ्यासको निरन्तरता बमोजिम आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमासमा पनि विभिन्न शाखा कार्यालयहरुबाट घरदैलो कार्यक्रम सम्पन्न गरिएको छ ।







बैंकको शाखा कार्यालय पिपल्ला, डोटी र तुल्सीपुर, दाङ्ग ले आयोजना गरेको घरदैलो कार्यक्रमको केही झलकहरु

# बैंक र एनसीएचएल बिच अन्तरदेशीय कारोबार भुक्तानी सहजीकरणका लागि समझदारी पत्रमा हस्ताक्षर



महालक्ष्मी विकास बैंक र नेपाल क्लियरिङ हाउस (एनसीएचएल) ले नेपाल र भारत बिच अन्तरदेशीय कारोबार भुक्तानी सहजीकरणका लागि समझदारी पत्रमा हस्ताक्षर गरेको छ । विकास बैंकहरु मध्ये यस बैंक एनसीएचएल सँग अन्तरदेशीय कारोबार भुक्तानीका लागि सम्झौता गर्ने पहिलो विकास बैंक हो । भारतमा नोष्ट्रो (Nostro) खाता सञ्चालनमा रहेकाले बैंकले उक्त सुविधा प्रदान गर्न सक्षम भएको हो ।

सम्झौता पश्चात् अन्तरदेशीय कारोबार क्रस बोर्डर भुक्तानी सेवा सुरुवात लगत्तै नेपालमा रहेका भारतीय नागरिकहरुले नेपाल राष्ट्र बैंकद्वारा तोकिएको सीमा पालना गर्दै महालक्ष्मी विकास बैंकमा खोलिएको कुनैपनि यूपीआई ह्यान्डल लिंक गरिएको खातामार्फत भारतमा रहेको आफ्नो खातामा सिधै रकमान्तर गर्ने सुविधा उपलब्ध हुनेछ ।

यसैगरी भारतमा रहेका नेपाली नागरिकले पनि यूपीआई इनेबल्ड एप प्रयोग गरेर त्यहाँको नियामक निकायले तोकेको सीमाको अधिनमा रही नेपालमा महालक्ष्मी विकास बैंकको यूपीआई ह्यान्डल लिंक गरिएको खातामा सिधै रकमान्तर गर्ने व्यवस्था उपलब्ध छ। यो अन्तरदेशीय भुक्तानी शुरु भए पश्चात् विशेष गरी विद्यार्थीहरु, तीर्थयात्रीहरु, पर्यटकहरु तथा चिकित्सा उपचारका लागि भारत जाने ग्राहकहरुलाई प्रत्यक्ष लाभ हुने अपेक्षा गरिएको छ । सो सम्झौता पत्रमा महालक्ष्मी विकास बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत दिपेश लम्साल र एनसीएचएलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत नीलेशमान सिंह प्रधानले हस्ताक्षर गर्नुभएको थियो ।

# बैंकद्वारा अन्तरदेशीय क्युआर पेमेन्ट सुविधाको सुरुवात



महालक्ष्मी विकास बैंकले फोन पे सँगको सहकार्यमा नेपाल आएका भारतीय नागरिकहरुलाई क्युआर मर्चेन्ट मार्फत भुक्तानी सेवा प्रदान गर्न मिल्ने गरी अन्तरदेशीय क्युआर पेमेन्ट सुविधाको सुरुवात गरेको छ । यस अन्तर्गत भारतीय नागरिकहरुले भारतीय भुक्तानी सेवा प्रदायकहरु जस्तै भिमपे, पेटीएम, गुगलपे आदिको माध्यमबाट यस बैंकले उपलब्ध गराएको क्युआर कोडमा स्क्यान गरी नेपालका विभिन्न ब्यापारिक स्टोरहरुमा तत्काल, सुरक्षित र सुविधाजनक तरिकाले भुक्तानी गर्न सक्नेछन् । यस्ता कार्यबाट नेपाल र भारत बीच रहेको आर्थिक, सामाजिक तथा पारस्परिक सम्बन्धलाई थप नयाँ उचाईमा पुऱ्याउन र नेपालको आर्थिक तथा पर्यटन विकासमा समेत सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

साथै भारतीय धार्मिक पर्यटकहरुको पहिलो तथा प्रमुख गन्तब्यको रुपमा रहेको मनकामना मन्दिर दर्शन गर्न आउने भारतीय पर्यटकहरुलाई लक्षित गरी उक्त सेवा अझ छिटो, छरितो र भरपर्दो रुपमा प्रदान गर्न यस बैंकले मनकामना दर्शन प्रा.लि सँग समेत आवश्यक सहकार्य समेत गरिसकेको छ । डिजिटल भुक्तानीका माध्यमहरुको नविनत्तम प्रयोग प्रति बैंक सँधै प्रतिबद्ध रहेको र नेपालभर रहेको शाखा सञ्जाल तथा मर्चेन्ट नेटवर्कको माध्यमबाट अन्तरदेशीय क्युआर भुक्तानीमा समेत अग्रणी सेवा प्रदायकको रुपमा स्थापित हुने विश्वास बैंकले लिएको छ ।

# ग्राहकहरुलाई विभिन्न संस्थाका सेवाहरुमा विशेष छुट

बैंकले स्वास्थ्य, श्रृंगार, होटल तथा रेष्टुरेन्ट क्षेत्रका संस्थासँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ विभिन्न स्थानमा अवस्थित संस्थाहरुसँग सम्झौता गरेको छ । सम्झौता पश्चात महालक्ष्मी विकास बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुले उक्त संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्नेछन् । उक्त संस्थाहरु र प्राप्त गर्न सकिने छुट निम्नलिखित छन्:

| संस्थाको नाम | ठेगाना | सेवाहरु | छुट |
|---|---|---|---|
| Lekhanath City Hospital Pvt. Ltd. | Pokhara-26, Kaski | General Bed | 25% |
| | | Cabin, Post – OP & Lab | 15% |
| | | ICU | 10% |
| | | Surgeries & Pharmacy | 5% |
| Oro Plus Dental Clinic | Lalitpur-3, Pulchok | Regular Treatment | 10% |
| | | Specialized Treatment | 5% |
| A & A Health Club | Butwal-5, Rupandehi | Food Supplement | 5% |
| | | 3 Months Advance Fee | 10% |
| | | 6 Months Advance Fee | 15% |
| | | 12 Months Advance Fee | 19% |
| NG Markets | Tilottama-5, Manigram | Garments | 10% |
| | | Household & Electronics Appliance | 5% |
| | | FMCG Food/Fresh Products | 1.5% |
| | | FMCG Non Food | 2% |

# विभिन्न संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु सम्पन्न

यस महालक्ष्मी विकास बैंक लि. ले स्थापनाकालदेखि नै विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आफ्ना शाखाहरु मार्फत विभिन्न कार्यहरु गर्दै आएको छ । देशैभरी फैलिएका यस महालक्ष्मी विकास बैंक लि. का विभिन्न शाखाहरुमार्फत अनवरत रुपमा शिक्षा, स्वास्थ्य, वातावरणीय सरसफाई जस्ता प्रमुख क्षेत्रहरुमा उल्लेखनिय योगदान दिने कार्यलाई निरन्तरता दिदैं निम्न बमोजिमका सामाजिक हितका कार्यहरु गरिएको छ ।

# बैंकद्वारा छात्रवृत्ति वितरणका लागि आर्थिक सहयोग



महालक्ष्मी विकास बैंक लिमिटेडले शिक्षाको पँहुचबाट पिछडिएका बालबालिकाहरुलाई छात्रवृत्ति वितरणका लागि आर्थिक सहयोग प्रदान गरेको छ। "बालबालिकालाई शिक्षित गर्नुहोस्" कार्यक्रम अन्तर्गत नेपालभर ८० वटा विद्यालय स्थापना गरी शिक्षा प्रदान गरिरहेको राउन्ड टेबल नेपाल मार्फत बैंकले करिब एक हजार विद्यार्थीहरुका लागि उक्त छात्रवृत्ति कार्यक्रमसँग सहकार्य गर्दै संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आर्थिक सहयोग गरेको हो ।

२०८१ साल जेठ ०२ गते बुधबार काठमाडौं, धनगढी, वीरगन्ज, नेपालगन्ज, नारायणगढ, जनकपुर, बुटवल, भैरहवा गरी आठ स्थानमा सम्पन्न कार्यक्रममा सहभागि हुदै बैंकले शिक्षाको मुल धारमा आउन नसकेका, पिछडिएका तथा विभिन्न कारणले बन्दी जीवन बिताएका अभिभावकका बालबालिकाहरुलाई शिक्षाको अवसर प्रदान गर्न आवश्यक समन्वय गर्दै आईरहेको उक्त संस्थासँग मिलि एक कार्यक्रमका बिच विद्यार्थीहरुका लागि सहयोग प्रदान गरेको थियो ।

# लागुऔषध नियन्त्रण सम्बन्धी जनचेतनामुलक बोर्डहरु हस्तान्तरण



बैंकको बेलौरी शाखाद्वारा ईलाका प्रहरी कार्यालय बेलौरी कञ्चनपुरलाई लागुऔषध नियन्त्रण सम्बन्धी जनचेतनामुलक बोर्डहरु हस्तान्तरण गरिएको छ । वडा क्षेत्रभित्र लागुऔषध अपराध नियन्त्रण सम्बन्धी जनचेतनामुलक बोर्डहरु राखी त्यस्ता कार्यलाई निरुत्साहित गर्न मद्दत पुऱ्याउने उद्देश्यले बैंकले उक्त सहयोग गरेको हो । बैंकका सुदुरपश्चिम प्रदेश प्रमुख सुनिल कुमार नेपालले ईलाका प्रहरी कार्यालय बेलौरी कञ्चनपुरका कार्यालय प्रमुख गौरी प्रसाद जैशीलाई उक्त बोर्डहरु हस्तान्तरण गर्नुभएको थियो ।

# समाज सुधार युवा क्लबलाई खानेपानीको ट्याङ्की हस्तान्तरण



बैंकको कोटेश्वर शाखाद्वारा काठमाडौं महानगरपालिका -३२, कोटेश्वरस्थित समाज सुधार युवा क्लबलाई खानेपानीको ट्याङ्की हस्तान्तरण गरिएको छ । क्लब भवनमा खानेपानीको धारा जोडिएको तर पानी जम्मा गर्ने ट्याङ्कीको आवश्यकता भएको हुँदा बैंकले उक्त सहयोग गरेको थियो । कोटेश्वर शाखाका प्रमुख उत्सव मकाजूले युवा क्लबका अध्यक्ष सुवास कुमार रिमाललाई उक्त ट्याङ्की हस्तान्तरण गर्नुभएको थियो ।

# महोत्तरी आगलागी पिडितलाई राहत सामाग्री वितरण



बैंकले मिति २०८१ साल बैशाख १२ गते बुधबार महोत्तरीको मटिहानी नगरपालिका वडा नं ६ मा आगलागीका कारण घरबार विहीन भएका १५० घर परिवारका लगभग ५४५ जनाका लागि राहत सामाग्री वितरण गरेको छ । बैंकले राहत वितरण गर्ने उद्देश्यले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रही २ लाख पचास हजार रुपैँया बराबरको ७५० केजी आटा, ७५० केजी चामल, ७५ केजी दाल, ७५ लिटर तेल, १५० प्याकेट नुन, ४५० वटा नुहाउने र लुगा धुने साबुन र १५० काटुन चाउचाउ लगायतका खाद्यान्नहरु सहयोग गरेको थियो ।

मटिहानी नगरपालिका वडा नं ६ मा लागेको उक्त आगोले १०० भन्दा बढी घर पूर्णरूपमा जलेर खरानी भएका थिए भने ५० जति अन्य घरमा क्षति पुगी १५ करोडभन्दा बढीको धनमाल क्षति भएको अनुमान गरिएको थियो। मिति २०८१/०१/१५ गते मटिहानी नगरपालिकाका मेयर श्री हरि प्रसाद मण्डल र बैंकको मधेस प्रादेशिक कार्यालयका प्रमुख सुदिप चन्द्र पोखरेलले जनकपुर शाखाका कर्मचारीहरुको सहभागितामा पिडित परिवारहरुलाई उक्त राहत सामाग्री हस्तान्तरण गर्नुभएको थियो । बैंकले प्रदान गरेको सहयोगले यस असहज परिस्थितिमा उक्त परिवारहरुको आधारभूत आवश्यकता पूरा गर्न थोरै भएपनि मद्दत पुग्ने विश्वास लिइएको छ ।

# लुम्बिनीमा नि:शुल्क पानी तथा मिठाई वितरण




बैंकको महिलवार (लुम्बिनी) शाखाद्वारा २५६८ औं बुद्ध जयन्ती तथा लुम्बिनी दिवस - २०८१ को अवसरमा लुम्बिनीमा नि:शुल्क पानी तथा मिठाई वितरण कार्यक्रम सम्पन्न गरिएको छ । बुद्ध जयन्तीको अवसर पारेर बुद्ध जन्मस्थल लुम्बिनीमा दर्शन गर्न आएका करिब पच्चिस सय श्रद्धालु भक्तजनहरुका लागि शुद्ध पिउने पानी तथा मिठाई वितरण गरिएको थियो । बैंकले विगत १३ - १४ वर्षदेखि नै बुद्ध जयन्तीको दिन श्रद्धालु भक्तजन तथा सर्वसाधारणहरुलाई पिउने पानीको समस्या नहोस् भन्ने उद्देश्यले यो कार्यलाई निरन्तरता दिदै आएको छ ।

# नगरप्रमुख शैक्षिक सुधार कोषमा सहयोग हस्तान्तरण



बैंकको धनगढी शाखाद्वारा धनगढी उपमहानगरपालिकाको नगरप्रमुख शैक्षिक सुधार कोषलाई एक लाख पचास हजार रुपैयाँ सहयोग हस्तान्तरण गरिएको छ। ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाले आर्थिक अभावका कारण बिचैमा पढाई छोड्न नपरोस् भनेर स्थापना गरिएको नगरप्रमुख शैक्षिक सुधार कोष मार्फत विपन्न परिवारका बालबालिकाहरुको शैक्षिक गुणस्तर सुधार्न गर्न मद्दत पुऱ्याउने उद्देश्यले उक्त सहयोग गरिएको थियो । बैंकको सुदुरपश्चिम प्रदेश प्रमुख सुनिल कुमार नेपालले धनगढी उपमहानगरपालिका नगरप्रमुख गोपाल हमाललाई उक्त रकम बराबरको चेक हस्तान्तरण गर्नुभएको थियो ।

# गलेश्वर आश्रमलाई आर्थिक सहयोग हस्तान्तरण




बैंकको नारायणगढ शाखाद्वारा देवघाटधाम, तनहुँमा अवस्थित गलेश्वर आश्रमलाई तिन लाख रुपैयाँ सहयोग हस्तान्तरण गरिएको छ । आश्रमले नेपालीपन झल्कने प्यागोडा शैलीमा सिद्धेश्वर शिव मन्दिर निर्माण गरिसकेको तर आर्थिक अभावका कारण मन्दिर प्राङ्गणमा नेपाली ढुङ्गा बिच्छाउने कार्य बाँकी रहेकाले सो कार्य सम्पन्न गर्नका लागि बैंकले उक्त सहयोग गरेको हो । बैंकको बाग्मती प्रदेश 'ख' प्रमुख शम्भु प्रसाद पराजुलीले गलेश्वर आश्रमलाई उक्त रकम बराबरको चेक हस्तान्तरण गर्नुभएको थियो ।



**Chief Advisor**
CEO

**Advisory Committee**
Senior Management Team

**Co-ordinator**
Head-Corporate Communication Department

**Editorial Committee**
HOD- Compliance
HOD- Credit
HOD- Finance

**Script Writing & Layout**
Corporate Communication Department

**Published By**
Mahalaxmi Bikas Bank Ltd.


महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
सबल बैंक सफल सहकार्य

2nd Floor Annapurna Arcade II
Durbarmarg, Kathmandu, Nepal
Phone No.: +977-01-5368719, 5368720
Toll Free No.: 16600115015
Email: info@mahalaxmibank.com.np
Website: www.mahalaxmibank.com